# घोराही उप महानगरपालिका तथा पाण्डवेश्वर महादेव मन्दिर घोराही -५ दाङमा भएको अनियमितता सम्वन्धि छानबिन प्रतिवेदन

## परिच्छेद १

### १.१ पृष्ठभुमी

नेपालको लुम्विनि प्रदेश अन्तर्गत पर्ने दाङ जिल्लामा अवस्थित घोराही उपमहानगरपालिका क्षेत्रफलका हिसावले देशकै ठुलो उपमहानगर रहेको देखिन्छ । चुरे र महाभारत पर्वतले घेरेको एसियाकै दोश्रो ठुलो उपत्यका दाङ उपत्यकाको पूर्वी भाग केही पहाडी ईलाकामा फैलिएर कुल ५२२.२१ वर्ग मिटर क्षेत्रफल रहेको उपमहानगरपालिकाको पूर्वमा वंगलाचुली गाउँपालिका, पश्चिममा तुल्सीपुर उपमहानरपालिका, उत्तरमा रोल्पा जिल्ला र दक्षिणमा लमही नगरपालिकाले घेरीएको देखिन्छ ।घोराही उपमहानगरपालिकामा ३५ हजार ४ सय १९ घरधुरी गरी कुल जनसंख्या १ लाख ५६ हजार १ सय ६४ रहेको देखिन्छ जसमा ४६.३२ प्रतिशत पुरुष र ५३.६८ प्रतिशत महिला रहेको देखिन्छ । विविधतापूर्ण जातिय पहिचान रहेको उक्त उपमहानगरमा खसआर्य, दलित, जनजाती, मधेसी, मुस्लिम आदिको बसोवास रहेको देखिन्छ । जनसंख्याको दृष्टीले २५.४९ प्रतिशत थारु, २३.७० प्रतिशत क्षेत्री, १७.४८ प्रतिशत मगर तथा १२.७८ प्रतिशत व्रहामण वसोवास गरेको देखिन्छ भने वाकी अन्य जातजाती वसोवास गरेको नगरपालिकाको रेकर्डवाट देखिन्छ ।घोराही उपमहानगरपालिकाको जनसंख्याको ७१.५१ प्रतिशत नेपाली, २३.४७ प्रतिशत थारु, २.२० प्रतिशत खाम, १०.८२ प्रतिशतले मगर भाषा र केहीले अन्य (अवधि, गुरुङ आदि) भाषा बोल्ने गरेको देखिन्छ भने ६६.३३ प्रतिशत महिला साक्षर

रहेको देखिन्छ । नेपाल सरकारले २०७३ फागुन २२ को निर्णय अनुसार साविक घोराही नगरपालिका, त्रिपुर नगरपालिका, सौडियार गाउँ विकास समिति, सैघा गाउँविकास समिति, धर्ना गाउँ विकास समिति, रामपुर गाउँ विकास समिति र लक्ष्मीपुर गाउँ विकास समिति समायोजन भई घोराही उपमहानगरपालिकामा परिवर्तन भएको देखिन्छ ।

त्यसैगरी दाङ जिल्ला साविक धर्ना गाउँ विकास समिति वडा नं. १ र हाल घोराही उपमहानगरपालिका वडा नं. ५ धारापानी भन्ने स्थानमा पाण्डवेश्वर महादेवको मन्दिर रहेको देखिन्छ । उक्त मन्दिर पाण्डवहरु करीव ५ हजार वर्ष पहिले १४ वर्ष वनासको क्रममा सोही स्थानमा स्थापना गरी महादेवको तपस्या गरेको उक्त मन्दिरको नाम पाण्डबेश्वर रहन गएको भन्ने जनविश्वास रहेको देखिन्छ । उक्त स्थान धार्मिक पर्यटनको लागि अथाहा संभावना रहेको देखिन्छ ।पाण्डबेश्वर माहादेव धामको लागि पूर्वाधार प्रवर्धनको लागि रु.९औ करोड वरावरको गुरुयोजना वनाएको पाईन्छ ।गुरुयोजना अनुसार धाम वरपर वन क्षेत्रलाई संरक्षण गर्ने, मन्दिर उत्तर तर्फ करिव ४ विगाहा क्षेत्रमा डुङ्गा सयर गर्ने खालको तालनिर्माण गर्ने, धामसंग धार्मिक सम्वन्ध रहेको धामदेखि करिव २ किलोमिटर माथि सुनकोट डाँडोमा रहेको खडगदेवी मन्दिरको पूनर्निर्माण गरी ३१ क्वीन्टलको घण्ट निर्माण गर्ने र उक्त स्थानसम्म पुग्न ४ हजार ९ सय ६३ वटा सिडि निर्माण गर्ने रहेको पाईन्छ । यस अघिनै गुरुयोजना अनुसार मन्दिर परिसरमा ॐ पोखरी निर्माण, १०८ जोडी वरपिपल रोप्ने काम, १०८ गौमुखी धारा निर्माण भै सकेको देखिन्छ ।

माथि उल्लेखित निकायले आफूलाई तोकिएको भूमीका बमोजिमको कानूनी, नीतिगत, प्रकृयागत, सैद्धान्तीक मूल्य मान्यता लगाएतका विधिहरूलाई आत्मसाथ गर्न नसकेको कारणबाट विभिन्न प्रकारका अनियमितता वा भ्रष्टाचारजन्य आपराधीक कार्यहरू भएको भनि विभिन्न मितिहरूमा विभिन्न प्रकारका उजुरीहरू

राष्ट्रिय सतर्कता केन्द्रमा तथा प्रधामन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा परेको हुंदा उक्त उजुरीहरूको यथार्थताको विषयमा छानविन गर्ने उद्देश्यले प्रहरी नायव महानिरीक्षक कमल प्रसाद अधिकारीको संयोजकत्वमा ३ सदस्य रहेको प्रस्तुत छानवीन समितिको गठन भएको थियो । उक्त छानविन समितिले सदस्यहरुले प्रस्तुत प्रतिबेदन तयार गरी पेश गरेका छौं ।

## १.२ **छानविन समितिको गठन**

समितिलाई प्राप्त उजुरीहरूको यथार्थता पहिचान गरी सो विषयमा भए गरेका अनियमितता विस्तृतरूपमा छानवीन गरी प्रतिबेदन पेश गर्न यस केन्द्रको मिति २०७७।७।१८ को आदेश बमोजिम छानविन वा अध्ययन समिति गठन गरिएको थियो ।

## १.३ **समितिलाई प्रदान गरिएको** TOR

राष्ट्रिय सतर्कता केन्द्रको निर्णय बमोजिम प्रस्तुत समितिलाई तपसिल बमोजिमका विषयहरूमा छानवीन गर्ने TOR प्रदान भएको थियो ।

तपसिल

१.घोराही उपमहानगरपालिका दाङका प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसीले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रदेश सरकारको कर्मचारी भर्ना विधि नअपनाई लिखित परीक्षानै नलिई केवल देखावटी मौखिक परीक्षाको माध्यमवाट आर्थिक चलखेल गरी कर्मचारी नियुक्त ।

२. घोराही- ५ मा अवस्थित पाण्डबेश्वर महादेव मन्दिर ब्यबस्थापन समितिका पदाधिकारिको मिलेमतोमा नेपाल सरकारवाट प्राप्त रु. २ करोड, विभिन्न दाताहरुवाट प्राप्त ५ करोड, विभिन्न पुजाआजामा दाताहरुवाट प्राप्त रकम, महाशिवरात्रीको मेलामा चढेको भेटीवाट मन्दिर क्षेत्रमा भैरहेको विकास निर्माणमा योजना ईष्टमेट नवनाई

आफूखुसी ढंगवाट कमिशन लिई कमसल सामान प्रयोग गर्ने गरेको, हिसाव पारदर्शी नभएको, मनपरी भुक्तानी हुने, नक्कली वीलभरपाई पेश गरी भुक्तानी गर्ने र आय ब्ययको सार्वजनकरण नगर्ने ।

३. कुण्ड निर्माण, १०८ शिवलिंग निर्माण, १०८ गौमुखी धारा निर्माण, १०८ जोडी वरपिपल रोपण, तलाउ, पार्क निर्माण, मन्दिरमा जाने सिडी निर्माण गर्दा विना योजना कमिशन लिई भुक्तानी गरेको ।

४. २५ लाखको लागतमा कमल पोखरी निर्माण, ४० लाखको लगानिमा स्तम्भ पार्क निर्माण, गाडी पार्किङ स्थल निर्माण गर्दा रकम हिनामिना गरेको साथै पार्किङ वापतको रकमको हिसाव नराखिएको ।

५. तलाउ निर्माण र भ्यूटावर निर्माणमा अनियमितता ।

६. संस्कृत पढाईको लागि करोडौमा निर्माणधिन भवन वनाउन विना प्रतिष्पर्धा ठेक्का लगाउन लागेको ।

७. सुनकोटमा निर्माणधिन खडग देवीको मन्दिर र उक्त स्थानमा पुग्न ४९६३ वटा खुडकिला निर्माणमा समेत नक्कली वीलभरपाईवाट आर्थिक चलखेलको आधारमा रकम भुक्तानी ।

८. बिश्वकै अग्लो त्रिशुल निर्माण तथा पार्क वनाउन ८८ लाख रकम दातावाट संकलन भएको तर अध्यक्ष लगायतले मन्दिरको कोषवाट भुक्तानी गरेको भनि रकम लिएको ।

१०. मन्दिर नजिकै नेपाल सरकारको ८ करोडको लगानीमा निर्माण भैरहेको शिव सरोवर वनाउँदा रकम हिनामिना भएको ।

११. मन्दिर व्यबस्थापनका पदाधिकारिले बिभिन्न ठाउँमा भ्रमण गर्दा नियम विपरीत मन्दिरको रकमवाट गरेको ।

१२.मन्दिरको निषेधित परिसर भित्र स्थानीय गजिन्द्र चौधरीलाई माछा/मासु मदिरा कमिशन लिएर बेचविखन गर्न दिएको र पाउनाहरुलाई उक्त होटलमा निशुलक खुवाउने गरेको ।

१३. मन्दिर परिसर भित्र पुजा सामाग्री तथा नास्ता पसल संचालन गर्न १०/१२ वटा सटर निर्माण गरेकोमा व्यापारीवाट १ लाख एकमुष्ट लिएको तर उक्त रकम आम्दानी नदेखाई ब्यक्तिगत रुपमा खर्च गरेको ।

१४. डिभिजन वन कार्यालय दाङवाट ७० हेक्टर धार्मिक वनको रुपमा प्राप्त वन क्षेत्र अबैध रुपमा फडानी गरी काठ हिनामिना गरेको ।

१५. ववई नदिमा निर्माण भएको पानीको कुवा निर्माण तथा डिप वोरीङ गर्दा नियम विपरीत ठेक्का लगाई हिनामिना गरेको ।

१६. पिक्निक स्पट निर्माण, धारा निर्माण, ट्रस निर्माणमा समेत रकम हिनामिना भएको ।

१७. मन्दिरको सचिवको डोजरलाई मन्दिरको काम नभएपनि रकम भुक्तानी भएको ।

१.४ अध्ययनको उद्येश्य

टोलीलाई तोकिएको TOR भित्ररही छानविन गरी राय सहितको प्रतिवेदन पेश गर्ने ।

१.५ अध्ययन बिधि

सम्वन्धित निकायसंग सम्वन्धित ऐन, नियम, विनियम निर्देशिका, कार्यबिधिको अध्ययन, स्थलगत निरीक्षण/अवलोकन, सम्बन्धित कार्यालयका तथा निकयका पदाधिकारी एबं सेवाग्राहीसंग छलफल, अन्तरक्रिया आदिका आधारमा सूचना संकलन गरी प्रतिबेदन पेश गर्ने कार्य भएको छ ।

## १.६ छानबिनको सीमा

छानबिन समितिलाई तोकिएको समयावधि अत्यन्त छोटो भएको , बिषयबस्तु गहन रहेकोले समय ब्यबस्थापन गर्न ग्राह्रो भएको, सूचना तथा जानकारी समयमा प्राप्त नहुनु, पदाधिकारी/ कर्मचारी तथा सम्वन्धित कागजात समयमै प्राप्त नभएको, अपुरा कागजात प्राप्त भई पुन माग गर्नु परेको अबस्था साथै स्थलगत अध्ययनमा समेत सम्वन्धित पदाधिकारी समयमै नभेटीनु अदि अध्ययनका सीमा रहेका छन ।

# परिच्छेद - २

## २.१ छानबिनवाट प्राप्त तथ्यहरु

### २.१.१ घोराही उपमहानगरपालिका दाङ

**२.१.१.१** घोराही उपमहानगरपालिका दाङका प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसीले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रदेश सरकारको कर्मचारी भर्ना विधि नअपनाई लिखित परीक्षानै नलिई केवल देखावटी मौखिक परीक्षाको माध्यमवाट आर्थिक चलखेल गरी कर्मचारी नियुक्त गरेको-

सामान्य प्रशासन मन्त्रालयको घोराही उप-महानगरपालिका, दाङ नगर कार्यपालिकाको दरवन्दी तेरिजमा स्वीकृत दरवन्दी ९८ र वडा कार्यालय (१९ वटा) मा १३३ गरी जम्मा २३१ कायम भएको देखिन्छ । त्यसैगरी प्राप्त कागजात अनुसार घोराही उपमहानगरपालिका मातहत रहेका ८ वटा स्वास्थ्य संस्थामा ४८ जनाको दरवन्दी स्विकृत भए को देखिन्छ ।

उक्त उपमहानगरपालिकावाट प्राप्त विवरण हेर्दा स्वीकृत दरवन्दी २९१ रहेको देखिन्छ भने पदपूर्ती संख्या १७७ रहेको देखिन्छ ।रीक्त संख्या १५७ रहेको देखिन्छ ।

त्यसैगरी दरवन्दी वाहेको कर्मचारी संख्या ५० देखिन्छ भने करारमा नियुक्त कर्मचारी संख्या ३७ रहेको देखिन्छ ।

उपमहानगरपालिकाको विवरण हेर्दा काजमा रहेका र दरवन्दी भन्दा वाहिरका कर्मचारीको संख्या निम्नानुसार देखिन्छ ।

| सि.नं. | पद/तह | रीक्त | काज | दरवन्दी भन्दा वाहिर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत नवौं/दशौं सा.प्र. | ५ | | | |
| २ | अधिकृत नवौं/दशौं लेखा | १ | | | |
| ३ | अधिकृत नवौं/दशौं ई. सिभिल | १ | | | ईलेक्ट्रिक समूह कार्यरत |
| ४ | अधिकृत नवौं/दशौं मविअ | १ | | | |
| ५ | अधिकृत नवौं/दशौं कृषि | १ | | | |
| ६ | अधिकृत नवौं/दशौं कृषि | | | | लापो डे.डे. |
| ७ | अधिकृत सातौं/आठौं सा.प्र. | १० | १ | | |
| ८ | अधिकृत सातौं/आठौं कृषि मत्स्य | १ | | | |
| ९ | ई. सातौं/आठौं आर्किटेक | २ | | | |
| १० | ई. सातौं/आठौं सिभिल | ३ | १ | | |
| ११ | पशु चिकित्सक सातौं/आठौं भेट | १ | | | |
| १२ | नेपाल स्वास्थ्य सातौं पहेन | | | १ | |
| १३ | अधिकृत सातौं/आठौं कानुन | १ | | | |
| १३ | मविअ सातौं/आठौं विविध | १ | | | |
| १४ | वातावरण निरीक्षक सातौं/आठौं विविध | १ | | | |
| १५ | वातावरण ई. सातौं/आठौं | १ | | | |
| १६ | अधिकृत छैठौं सा.प्र. | १५ | | | |
| १७ | अधिकृत छैठौं लेखा | १ | | | |
| १८ | ई. छैठौं सिभिल | १९ | | | |
| १९ | अधिकृत छैठौं नेपाल स्वास्थ्य पहेन | | | ८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | अधिकृत छैठौ हे.ई. | | | ८ | |
| २१ | सहायक पाँचौ सा.प्र. | १५ | | | |
| २२ | सहायक पाँचौ लेखा | १९ | | | |
| २३ | सहायक पाँचौ कानुन | १ | | | |
| २४ | सहायक पाँचौ शिक्षा | | | | १ छैठौं |
| २५ | सई | १९ | | | |
| २६ | पशुसेवा प्राविधिक स. पाचौं कृषि भेट | | | ५ | ३ जना छैठौं |
| २७ | प्राविधिक स. पाचौं कृषि मत्स्य | १ | | | |
| २८ | म.वि. निरीक्षक पाँचौ विविध | | | ३ | १ जना छैठौं |
| २९ | हे.अ. पाँचौ | | | १ | |
| ३० | पहेन सहायक पाँचौ | | | ८ | दरवन्दी नभएको |
| ३१ | हे.अ. चौथो | | | १ | |
| ३२ | पहेन चौथो | २ | | | |
| ३३ | सहायक पाँचौ सा.प्र. | | | १५ | ४ तृतीय स्थायी |
| ३४ | स.क.अ. | | | १ | |
| ३५ | अमिन चौथो सर्भे | १७ | | | |
| ३६ | असिष्टेन्ट स.ई. सर्भे | १७ | | | |
| ३७ | सहायक चौथो कृषि भेट | १ | | | |
| | जम्मा | १५७ | २ | ५१ | ९ |

घोराही उपमहानगरपालिकावाट विभिन्न मितिमा करार तथा दैनिक ज्यालादारीमा भर्ना गरेको कर्मचारीको विवरण निम्नानुसार देखिन्छ ।

| सि.नं. | पद | संख्या | नियुक्ति प्रकृया |
|---|---|---|---|
| १ | एम आई एस अपरेटर | २ | पंजिकरण निर्देशन वमोजिम घोराही |

| | | | |
|---|---|---|---|
| | | | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| २ | फिल्ड सहायक | १ | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| ३ | रोजगार संयोजक | १ | प्रधानमन्त्री रोजगार कार्यक्रमवाट नियुक्त |
| ४ | प्राविधिक सहायक | १ | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| ५ | नगर रक्षक पाँचौ | १ | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| ६ | नगर रक्षक चौथो | २ | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| ७ | नगर प्रहरी जवान | ३ | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि अनुसार |
| ८ | सहायक पाँचौ | २ | साविकको एलजिसिपिडी कार्यक्रमका लागि नियुक्त भएका कर्मचारी लाई उपमहानगरपालिको मिति २०७४/४/२४ को निर्णय वमोजिम आन्तरीकीकरण गरेको |
| ९ | सहायक पाँचौ | १ | साविकको फोहोरमैला तथा सरसफाई ब्यबस्थापन केन्द्रवाट नियुक्त भई उपमहानगरपालिको मिति २०७४/४/२४ को निर्णय वमोजिम आन्तरीकीकरण गरेको |
| १० | सामाजिक परिचालक | १८ | साविकको एलजिसिपिडी कार्यक्रमका लागि नियुक्त भएका कर्मचारी लाई उपमहानगरपालिको मिति २०७५/४/१६ को निर्णय वमोजिम आन्तरीकीकरण गरेको |
| ११ | रा.प.अनं. द्वितिय प्रा. | ३ | साविकको कृषि विकास तथा पशुसेवा कार्यालयवाट नियुक्त भई हस्तान्तरण भएका |

| | | | |
|---|---|---|---|
| १२ | सामाजिक परिचालक | २ | गरीवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत नियुक्त |
| १३ | सहायकस्तर पाँचौ | ५ | साविक गाउँ विकास समितिवाट नियुक्त भई उमनपामा आन्तरीकिकरण गरीएका |
| १४ | मेडिकल अधिकृत आठौ | २ | - |
| १५ | जनस्वास्थ्य अधिकृत सातौ | १ | - |
| १६ | स्टफ नर्स पाँचौ | २ | - |
| १७ | कविराज पाँचौ | १ | - |
| १८ | रेडियोग्राफर पाँचौं | १ | - |
| १९ | ल्याव असिस्टेन्ट पाँचौं | १ | |
| २० | ल्याव असिस्टेन्ट चौथो | २ | - |
| २१ | अनमी चौथो | १२ | - |
| २२ | अहेव चौथो | ५ | - |
| | जम्मा | ६९ | |

घोराही उपमहानगरपालिकाको विभिन्न मितिको निर्णयवाट दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको विवरण-

| | | |
|---|---|---|
| १ | स.ई. | १ |
| २ | का.स. | ५ |
| ३ | सेक्युरिटी गार्ड | २ |

मिति २०७५/४/१६ मा घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट उठाईएको टिप्पणीमा घोराही उपमहानगरपालिकामा संचालित स्थानीय

शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II-TSNGP) को सामाजिक परिचालन अन्तर्गतका सामाजिक परिचालक (सा.प्र.) को रुपमा काम गर्दै आएका सा.प्र.हरु २०७४ पौष १७ गते देखि सेवामा राख्न नसकिएको, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक परिचालन तथा गैसस समन्वय शाखाको मिति २०७४/१२/१३ च.नं. ४० को पत्रानुसार अन्तिम पटकका लागि २०७४ चैत्र देखि २०७५ असार महिनाका लागि प्रति महिना रु.१२,०००। मात्र पारिश्रमिक पाउने गरी वडा कार्यालयमा रही कार्यालय सहायक तथा सामाजिक परिचालकको रुपमा करारमा परिचालन गर्न निर्देशन भए अनुसार घोराही उपमहानगरपालिकाले निजहरुलाई सेवामा लगाएको, साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिकविकास कार्यक्रम (LGCDP II-TSNGP) को मिति २०७५/३/३१ च.नं. ४९६ को पत्र मार्फत स्थानीय तहको आफ्नो स्रोतको ब्यबस्थापन हुनेगरी आबस्ययकता अनुसार निजहरुको सेवा करारलाई निरन्तरता दिन सक्ने ब्यहोरा प्राप्त भएको, सो सम्वन्धमा मिति २०७४/४/१३ को कार्यपालिकाको बैठक नं. ३४ मा वडा स्तरमा कर संकलन तथा अन्य कार्यमा समस्या देखिएकोले निजहरुलाई साविक बमोजिमको सुविधा दिने गरी ६ महिनाको अर्थात २०७५ पुस मसान्तसम्मका लागि सेवा करार संझौता गर्ने भनि निर्णय भएको हुदा तपसिल वमोजिमका ब्यक्तिहरुलाई वडा कार्यालयमा कामकाज गर्नेगरी करार सेवामा मिति २०७४/४/१ देखि ६ महिनाका लागि संझौता गर्ने भन्ने टिप्पणी मिति २०७५/५/२१ मा सदर भएको देखिन्छ ।

निम्न

| सि.नं. | नामथर |
|---|---|
| १ | शुष्मा रेग्मी |
| २ | मञ्जु खनाल |
| ३ | लिला शर्मा |

| | |
|---|---|
| ४ | हेमराज पौडेल |
| ५ | विष्णु प्रसाद पौडेल |
| ६ | कमला चन्द |
| ७ | विमल योगी |
| ८ | सरस्वती खड्का |
| ९ | सिता चौधरी |
| १० | विन्दु नेपाली |
| ११ | संगिता शर्मा |
| १२ | सरस्वती खड्का |
| १३ | सरस्वती के.सी. |
| १४ | यशोधा के.सी. |
| १५ | यमुना बैद्य |
| १६ | अमृता चौधरी |
| १७ | सीमा नेपाली |
| १८ | सरला रावत |
| १९ | ईन्द्र वहादुर रावत |

त्यसैगरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम LGCDP को सामाजिक परिचालकलाई मिति २०७४/४/२६ को निर्णयानुसार विपना वतौंला रेग्मीलाई सहायक पाँचौ र मिति २०७४/४/१६ को निर्णयानुसार स्मृती भण्डारी, शान्ती चौधरी र ईन्द्र वहादुर पुनलाई सामाजिक परिचालकको रुपमा नियुक्त गरेको देखिन्छ ।

यसरी हेर्दा संघिय स्थानिय विकास मन्त्रालयवाट संचालित घोराही उपमहानगरपालिका अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II-TSNGP) को सामाजिक परिचालन अन्तर्गतका सामाजिक परिचालक (सा.प्र.) हरुको उक्त कार्यक्रमको म्याद समाप्त भैसकेपछी नगरपालिकाले करारमा राखी तलवभत्ता खुवाउने कार्य नियमसंगत देखिदैन । उल्लेखित कर्मचारीहरु कर्मचारी समायोजन भएर आईसकेपछी समेत करारमा कार्यरत रहेको देखिदा अनावस्यक रुपमा नगरपालिकाको दरवन्दीमा समेत नरहेका कर्मचारीलाई करारमा राखी राज्यको रकम खर्च गर्ने कार्य

औचित्यपूर्ण देखिदैन यस सम्वन्धमा आवस्ययक कारवाहीको लागि घोराही उपमहानगरपालिकाम लेखि पठाउन मनासिव देखिन्छ ।

मिति २०७५/२/१० गते राप्ती पोष्टमा प्रकाशित देहाय वमोजिमका पदहरुको विज्ञापन अनुसार रितपूर्वक पर्न आएका वोल घटाघट सिलवन्दी दरखास्तहरु उपर मूल्यांकनको आधारमा तपशिल वमोजिमका उम्मेदवारलाई नियुक्तिको लागि सिफरिस गर्ने निर्णय भएको भनि मिति २०७५/२/२८ मा सूचना प्रकाशित गरेको देखिन्छ ।

<u>सिफारिस भएका उम्मेदवार</u>

| पद- जनस्वास्थ्य अधिकृत | | |
|---|---|---|
| योग्यताक्रम | उम्मेदवारको नाम | कवोल अंक |
| १ | विकेश रेग्मी | १५,०००। |
| बैकल्पिक उम्मेदवार | माधवा रिजाल | १९,९००। |
| पद- स्टाफ नर्स | | |
| १ | सन्ध्या खड्का- सिफारिस | ५,०००। |
| २ | सविता डि.सी. -सिफारिस | ७,०००। |
| बैकल्पिक उम्मेदवार | भावना सुबेदी | १०,९९९। |
| पद-कविराज | सरिता धिताल -सिफारिस | ८,०००। |
| पद- ल्या. अ. | शिशिर आचार्य-सिफारिस | ५,०००। |
| बैकल्पिक उम्मेदवार | हिमा कुमारी खड्का | ८,०००। |

माथि उल्लेखित सिफारिस भएका उम्मेदवारहरुलाई मिति २०७५/२/३० मा करार संझौता गर्ने भनी निर्णय भएको देखिन्छ ।

मिति २०७५।४।१३ मा वसेको घोराही उपमहानगरपालिका कार्यपालिकाको बैठक नं. ३४ को निर्णय नं. ३ ख अनुसार घोराही उपमहानगरपालिका

अन्तर्गत स्वास्थ्य क्षेत्र सहरी स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य प्रवर्धन केन्द्र संचालन तथा ब्यबस्थापन कार्यक्रमका तपसिलका तहमा करार सेवामा कार्यरत कर्मचारीको मिति २०७५/१०/१ देखि लागूहुनेगरी तपशिल अनुसारको नया तलवमान कायम गर्ने निर्णय गरेको देखिन्छ ।

१. सहायक चौथो — नया तलवमान रु. १८,०००।

२. सहायक पाँचौ - नया तलवमान रु. २०,०००।

३. अधिकृत छैठौ नया तलवमान रु. २३,०००।

४. अधिकृत सातौ नया तलवमान रु. २५,०००।

त्यसैगरी मिति २०७६।५।१७ मा वसेको घोराही उपमहानगरपालिका कार्यपालिकाको बैठक नं. ६६ को निर्णय नं. १५ अनुसार कार्यपालिकाको मिति २०७६/४/१३ को बैठक नं. ६४ को निर्णयानुसार यस कार्यपालिकामा स्वास्थ्य सेवातर्फ करार सेवामा कार्यरत कर्मचारी सामाजिक परिचालक (गरिवसंग विश्वेश्वर समेत) हरुले हाल प्राप्त गर्दै आएको सेवा सुविधा अत्यन्त न्यून र फरक भएकोले उहाँहरुलाई प्रदान गरिने सेवा सुविधा सम्वन्धमा एकरुपता समेत हुने गरी सुझाव प्रस्तुत गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक खोपीराम चौधरीको संयोजकत्वमा गठन गरिएको समितिले मिति २०७६/५/२६ मा पेश गरेको प्रतिबेदनमा तपशिल बमोजिमको सेवा सुविधा कायम गर्न सिफारिस गरेकोले सोही बमोजिम गर्ने भनि निर्णय गरेको देखिन्छ ।

| सि.नं. | पद | कायम हुने पारिश्रमिक |
|---|---|---|
| १ | का.स. | १६,२३०। |
| २ | सहायक चौथो | २०,०००। |
| ३ | सहायक पाँचौ | २२,०००। |

यसरी हेर्दा माथि उल्लेखित विभिन्न पदहरुमा नियुक्त गर्दा शिलवन्दी अनुसार वोल घटाघटवाट नियुक्ति गर्ने र पछी विभिन्न निर्णयवाट तलवमान समायोजन गर्ने कार्य गरेको देखिदा मिलेमतोमा नियुक्त गरेको देखिन्छ । यस सम्वन्धमा संलग्नलाई कानुन बमोजिम कारवाही गरी नियुक्ति गर्दा पारदर्शी रुपमा सवैको समान पहुच पुग्ने गरी व्यापक प्रतिष्पर्धाको आधारमा गर्ने ब्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिन मनासिव हुने ।

त्यसैगरी करार सेवाम कर्मचारी पदपूर्ती सम्वन्धि मिति २०७६/४/१ को प्रकाशित सूचनामा घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०७६/२/३१ को बैठकमा प्राविधिक कर्मचारीको अभावमा योजना संचालन कार्यान्वयन एबं भवन अनुमती लगाएतका कामकारवाही प्रभावकारी रुपमा कार्यसम्पादन हुन नसकेकोले स्थायी पदपूर्ती पश्चात स्वतः पदमुक्त हुनेगरी करार सेवामा पदपूर्ती गर्ने निर्णय भए अनुसार निम्न वमोजिमका पदमा करारमा कर्मचारी ब्यबस्थापन गर्ने कार्विधि २०७५ को दफा ४(१) बमोजिम सूचना प्रकाशित गरेको देखिन्छ ।

१. पद- ईन्जिनियर
   तह अधिकृत छैठौं
   समूह- सिभिल
   माग संख्या- १२
२. पद- ईन्जिनियर
   तह अधिकृत छैठौं
   समूह- सिभिल, विल्डिङ एण्ड आर्किटेक्चर
   माग संख्या- २
३. पद- सव ईन्जिनियर

तह सहायक पाँचौ

समूह- सिभिल

माग संख्या- १२

परिक्षाको किसिम — अन्तरवार्ता

उल्लेखित सूचना टाँस गरिदिन भनि घोराही उपमहानगरपालिकाको च.नं. ६७२६ मिति २०७६/३/३१ मै श्री जिल्ला प्रशासन कार्यालय दाङ, श्री कोष तथा लेखा नियंत्रण कार्यालय दाङ र श्री जिल्ला समन्वय समितिको कार्यालय दाङलाई सूचना प्रकाशन हुनुभन्दा १ दिन अगाबै पत्राचार गरेको कुरा आफैमा मिलेको देखिदैन ।

सूचना अनुसार मिति २०७६/४/१९ मा अन्तरवार्ताको लागि सूचना प्रकाशित गरेको देखिन्छ ।

अन्तरवार्ता पश्चात सफल उम्मेदवार र बैकल्पिक उम्मेदवारको सूची राष्ट्रिय पत्रिकामा प्रकाशन गरी सोही अनुसार निम्नानुसारका उम्मेदवारलाई नियुक्त गरेको संलग्न कागजातवाट देखिन्छ ।

| सि.नं. | नाम/थर | पद | श्रेणी | नियुक्ति प्रकृया |
|---|---|---|---|---|
| १ | तिलक पन्त | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २ | कमल थापा | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ३ | ओम जि.एम. | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ४ | तिलक के.सी. | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ५ | विशाल घर्ती | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ६ | दिपेश डि.सी. | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |

| | | | | |
|---|---|---|---|---|
| ७ | हिमाल वली | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ८ | सन्दिप घिमिरे | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ९ | सुमित शर्मा | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १० | जिवन आचार्य | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| ११ | विराज डि.सी. | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १२ | नविन के.सी. | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १३ | प्रविण रावत | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १४ | भिष्म के.सी | ईन्जिनियर | अधिकृत छैठौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १५ | ध्रुव आचार्य | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १६ | अशोक रोका | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १७ | सूचित विष्ट | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १८ | मदन गिरी | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| १९ | नरेश रोका | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २० | शरद वली | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २१ | होमराज डाँगी | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २२ | डण्डवीर वली | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २३ | सुनिल कार्की | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |

| | | | | |
|---|---|---|---|---|
| २४ | भिमराज गिरी | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २५ | गजेन्द्र व. शाही | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |
| २६ | कमल पुन | स.ई. | अधिकृत पाँचौं | उपमहानगरपालिकामा करारमा कर्मचारी भर्ना गर्ने कार्यविधि २०७५ अनुसार |

घोराही उपमहानगरपालिकामा करारमा कर्मचारी ब्यबस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७५ मिति २०७५/११/२४ मा स्थानीय राजपत्रमा प्रकाशित भई लागू भएको देखिन्छ ।

उक्त कार्यविधिको दफा ३ मा कार्यविधि लागू हुने क्षेत्र र सेवा भनि उपदफा १ मा कार्यालयले देहाएको सेवासंग सम्वन्धित कर्मचारी यस कार्यविधि वमोजिम अवधि तोकी करारमा राख्न सक्नेछ भनि उल्लेख गरेको देखिन्छ ।

क. इन्जिनियरिङ सेवासंग सम्वन्धित
ख. कृषि सेवासंग सम्वन्धित
ग. पशु सेवासंग सम्वन्धित
घ. वन सेवासंग सम्वन्धित
ङ. स्वास्थ्य सेवासंग सम्वन्धित
च. अन्य कुनै सेवासंग सम्वन्धित

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकिय संगठन र कर्मचारी दरवन्दी सम्वन्धि व्यवस्था उल्लेख भएको पाईन्छ ।जस अनुसार दपा ८३ (१) मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवस्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी कर्मचारी कर्मचारी समायोजन भए पछी मात्र संगठन तथा ब्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका

वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्ने ।

उपदफा २- उपदफा १ बमोजिमको संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत कायम गर्नु पर्ने ।

उपदफा ३ – प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी संगठन तथा ब्यबस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतीको कामको लागि आबस्ययक पर्ने तथा सेवा करारवाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने ।

उपदफा ४ – उपदफा ३ वमोजिमको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, संचयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृतिभरण, औषधि उपचार जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च ब्यहोर्ने स्रोत समेतको बिश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी प्रस्ताव गर्नुपर्नेछ ।

उपदफा -५ उपदफा ३ बमोजिमको दरवन्दीको प्रस्ताव गर्दा सेवा करारको लागि चाहिने तलव, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च ब्यहोर्ने श्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चिच हुनेगरी मात्र दरवन्दी प्रसताव गर्नु पर्ने ।

उपदफा-६ स्थानिय तहको सेवा संचालनको लागि अस्थायी दरवन्दी सृजना गर्न सकिने छैन ।

उपदफा – ७ गाउँपालिका वा नगरपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्यसम्पादन गर्न विशेषज्ञ सेवा आवस्ययक पर्ने भई सेवा करारवाट

कार्य कार्यसम्पादन गर्दा उपर्युक्त र प्रभावकारी हुने देखेमा सेवा करारवाट त्यस्तो कार्य गर्न सक्ने ।

उपदफा -८ यस ऐनमा अनेत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाई सम्वन्धि पदमा स्थाई पदपूर्ती नगरी प्रतिष्पर्धाको आधारमा सेवा करारवाट मात्र लिनुपर्ने सो वाहेक अन्य पद तथा सेवामा करारमा पदपूर्ती गर्न पाईने छैन भन्ने ब्यबस्था गरेको पाईन्छ ।

उल्लेखित ऐनको प्रावधान विपरीत घोराही उपमहानगरपालिकाले घोराही उपमहानगरपालिकामा करारमा कर्मचारी ब्यबस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७५ मिति २०७५/११/२४ मा स्वीकृत गराई करारमा ऐनको भावना विपरीत कर्मचारी नियुक्ति गर्ने र संगठन ब्यवस्थापन सर्वेक्षण नगरी करारका अनावस्यक रुपमा कर्मचारीको म्या थप गर्दै जाने कार्य नियम विपरीत देखिएकोले नियुक्त गर्ने पदाधिकारीलाई कानुन वमोजिम कारवाही गर्न र नियम विपरीत नियुक्त भई राज्यको रकम हिनामिना भएको देखिदा यस सम्वन्धमा आबस्ययक ब्यबस्था मिलाउन उक्त नगरपालिकालाई निर्देशन दिन मनासिव देखिन्छ ।

माथि उल्लेखित कर्मचारी सहित नगरपालिकाले विभिन्न पदमा १२१ जना स्थानीय तह तर्फ र स्वास्थ्य सेवा तर्फ ४७ जना कर्मचारीहरु करारमा नियुक्त गरेको देखिन्छ । यहासम्मकी स्वास्थ्य मन्त्रालयले नगरपालिकाको स्वीकृत स्वास्थ्य तर्फको ४८ वटा दरवन्दी रहेकोमा १८ जना कर्मचारी दरवन्दी भन्दा वढी रहेकोमा निम्नानुसारका कर्मचारीलाई हालसम्म पनि करारमा म्याद थप गर्दै राज्यकोषको ब्यापक दुरुपयोग भएको देखिदा संलग्नलाई कानुन बमोजिम कारवाही गरी करारमा कार्यरत कर्मचारीको उचित ब्यबस्थापन हुनुपर्ने देखिन्छ ।

निम्न

| सि.नं. | नाम/थर | पद |
|---|---|---|
| १ | शुशिला वि.क. | अहेव |
| २ | केशव धिताल | अहेव |
| ३ | उमा कुमारी दमाई भुसाल | अहेव |
| ४ | तवला कुमारी वली | अहेव |
| ५ | तुलसी डाँगी | अहेव |
| ६ | कविता शर्मा | अहेव |
| ७ | शिशिर आचार्य | ल्या.अ. |
| ८ | सविता डि.सी. | स्टाफ नर्स |
| ९ | सन्ध्या खड्का | स्टाफ नर्स |
| १० | सरिता धिताल | कविराज |
| ११ | विकेश रेग्मी | जनस्वास्थ्य अधिकृत सातौ |
| १२ | तिला के.सी | अनमी |
| १३ | राममोती चौधरी | अनमी |
| १४ | शुष्मा डि.सी | अहेव |
| १५ | लक्ष्मी चौधरी | अनमी |
| १६ | सुनिता चौधरी | अनमी |
| १७ | सुनिता भण्डारी | अनमी |
| १८ | रुपा बुढाथोकी | अनमी |
| १९ | कुमारी सुनार | अनमी |
| २० | हिरा कुमारी पन्थी | अनमी |
| २१ | रिणु थापा | अनमी |
| २२ | डोमा कुमारी न्यौपाने | अनमी |
| २३ | देवकी चौधरी | अनमी |
| २४ | देवका चौधरी | ल्या.अ. |

| | | |
|---|---|---|
| २५ | वालकृष्ण चौधरी | ल्या.अ. |
| २६ | विप्लव रेग्मी | रेडियोग्राफर |
| २७ | विकेश रेग्मी | मे.अ. |
| २८ | सुवर्ण वुढामगर | मे.अ. |

उल्लेखित तथ्य खण्डमा विश्लेषण गरिएका र अन्य करारमा नियुक्त कर्मचारीहरुको भर्ना, म्याद थप तथा नियुक्ति प्रकृया नियम संगत भएको भन्न सकिने अवस्था नरहेको तथा विभिन्न कार्यक्रमका लागि नियुक्त भएका कर्मचारीलाई समेत कार्यक्रम समाप्त भई सकेको अवस्थामा करारमा नियुक्त गरेको र विधि/प्रकृया तथा प्रतिस्पर्धा विना उपमहानगरपालिकाले कर्मचारी भर्नाको निउँमा संगठन तथा ब्यवस्थापन सर्वेक्षण नगरी विभिन्न पदमा कर्मचारी करारमा नियुक्त तथा म्याद थप गर्दै राज्य कोषको रकम दुरुपयोग गर्ने कार्य विधिसम्वत देखिएन तसर्थ यस सम्वन्धमा उक्त नगरपालिकालाई करारका कर्मचारिलाई विधिवत ब्यबस्थापन गरी नगरपालिकावाट संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम कर्मचारी नियुक्ति तथा पदस्थापन गर्न निर्देशन दिन मनासिव देखिन्छ ।

## २.१.२ पाण्डबेश्वर महादेव मन्दिर

**२.१.२.१ कुण्ड निर्माण, १०८ शिवलिंग निर्माण, १०८ गौमुखी धारा निर्माण, १०८ जोडी वरपिपल रोपण, तलाउ, पार्क निर्माण, मन्दिरमा जाने सिडी निर्माण गर्दा विना योजना कमिशन लिई भुक्तानी गरेको सम्वन्धमा**

- पाण्डबेश्वर मन्दिर ब्यवस्थापन समितिको मिति २०७५ साल मंसिर ९ मा वसेको बैठकले प्रदेश नं. ५ वाट विनियोजित रकम सम्वन्धि प्रस्तावमा छलफल गर्दा श्री पाण्डबेश्वर महादेव मन्दिरका लागि भौतिक सुधारका लागि प्रदेश नं. ५ वाट विनियवजित रकम रु. २ करोड वाट मन्दिर रिङरोड सुधार गर्ने, कमलपोखरी निर्माण गर्ने, १०८ गौमुखी ढुङ्गेधाराको काम सम्पन्न गर्ने साथै मन्दिर देखि उत्तर धारापानी खोला गनारी भन्दा दक्षिण तर्फ विसाल हाई ड्याम निर्माण कार्य शुरु गर्ने साथै मन्दिरसम्म अपाङ्ग पहुँचका लागि अपाङ्ग मैत्री सडक निर्माण गर्ने भनि निर्णय गरेको देखिन्छ ।
- मन्दिर व्यवस्थापन समितिको मिति २०७१ असोज ३ को बैठकले पाण्डबेश्वर महादेव मन्दिर धारापानीमा धार्मिक कार्य हेतु तथा पर्यावरणिय सन्तुलनका लागि निकट भबिष्यमै प्रतिस्थापन हुन लागेको बिश्वके सबैभन्दा ठुलो त्रिशुल आकारमा मन्दिर प्रबेशद्वारकै रुपमा रहेको दुईवटा सडक वीचको वीच भागवाट ववईसम्म पुर्याउने लक्षले विश्वकै नमुनायोग्य १०८ जोडी वरपिपल र १०८ गोटा स्वामीको बृक्षारोपण कार्यको अभियान यहि २०७१/६/१३ वाट शुरु गर्नको लागि ५ सदस्यिय वरपिपल, स्वामी रोपण उपसमिति गठन गर्ने निर्णय गरी निम्नानुसारको सर्तहरु ४ बर्षको लागि भनि उल्लेख गरेको देखिन्छ ।

१. प्रतिखाडल रु. ३००।
२. प्रति विरुवा वारवेराई रु.२५०।
३. मल रु. १००।

४. पागोमाटो रु. १००।
५. चौकीदारी खर्च रु.१०००।
६. विरुवा प्रति रु. १५०।

साथै आफै मापदण्ड अनुसार रोपण गरेमा कुनै खर्च समेत नलाग्ने र स्वामीको विरुवा मन्दिरको तर्फवाट लगाउने भनि निर्णय गरेको देखिन्छ ।

**२.१.२.२ २५ लाखको लागतमा कमल पोखरी निर्माण, ४० लाखको लगानिमा स्तम्भ पार्क निर्माण, गाडी पार्किङ स्थल निर्माण गर्दा रकम हिनामिना गरेको साथै पार्किङ वापतको रकमको हिसाव नराखिएको:-**

- मिति २०७३ जेठ २८ मा मन्दिर व्यवस्थापन समिति, सल्लाहकार समिति तथा धार्मिक वन सेवा भित्रका उपभोक्ताहरुको आम भेला वसी उक्त भेलाले दाङ धर्ना गा.वि.स. स्थित पाण्डबेश्वर महादेव धार्मिक वन क्षेत्रमा लगाईएका विरुवाहरुलाई सिंचाईका लागि कमल पोखरी निर्माण शिर्षकमा आ.व. ०७२/७३ अन्तर्गत राष्ट्रपति चुरे संरक्षण विकास समिति काठमाण्डौवाट वन तथा भू-संरक्षण मन्त्रालय जिल्ला वन कार्यालय दाङ मार्फत चुरे पर्वतको धार्मिक वनक्षेत्र भित्र योजना सम्पन्न गर्नको लागि प्राप्त योजना रु. ७,००,०००। को प्राविधिक लई तयार गरी योजनाको कार्य सम्पन्न गर्ने निर्णय गरेको देखिन्छ र उक्त कार्यको लागि ७ सदस्यिय उपभोक्ता समिति गठन गरेको संलग्न कागजातवाट देखिन्छ ।
- मिति २०७३ अषाढ २३ मा वसेको संचालक समितिको बैठकले दाङ धर्ना गा.वि.स. स्थित पाण्डबेश्वर धार्मिक वन क्षेत्र भित्र आ.व. ०७२/७३ भित्र जिल्ला वन कार्यालयको स्विकृत वार्षिक कार्यक्रम नेपाल राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम अन्तर्गत श्री पाण्डबेश्वर महादेव धार्मिक वन

क्षेत्र भित्र पोखरी पूर्वाधार निर्माण, गल्छी नियंत्रण, माटो फिलिङ, भू-क्षय नियंत्रणका लागि ग्याभिङ वाल निर्माण शिर्षकमा प्राप्त योजना रु. ७,००,०००। को निम्नानुसारको निर्माण सामाग्री खरिद वील भरपाई, दक्ष/अदक्ष ज्यामी ज्याला भरपाई र यान्त्रिक उपकरण प्रयोग वील अनुसार निर्माण सम्पन्न भएको सार्वजनिक सुनुवाई गर्ने निर्णय गरेकव देखिन्छ ।

| क्र.सं. | विवरण | रुपैया | कैफियत |
|---|---|---|---|
| १ | यान्त्रिक उपकरण जेसिवी परिचालन | ४९,७२०। | |
| २ | ढुङ्गा खरिद तथा ढुवानी | ३,१८,०००। | |
| ३ | तार (ग्याभिङ) खरिद | २,६२,५१०।२५ | |
| ४ | ग्याभिङ वाल निर्माण दक्ष/अदक्ष ज्यामी ज्याला | १,२३,६००। | |
| ५ | तारजाली वुनाई ज्यामी ज्याला | ३६,६७५। | |
| ६ | साईडवाट ढुङ्गा ढुवानी जनश्रमदान नगद भुक्तानी | १,४६,७००। | |
| | जम्मा | ९,३७,२०५।२५ | |

उक्त कार्यको लागि स्टमेट पेश नभएको तोकिएभन्दा वढी रकम भुक्तानी भएको, जनश्रमदान भनिएकोमा रु.१,४६,७००। नगद भुक्तानी भनिएको हुदा जनश्रमदान भन्न नमिल्ने साथै भुक्तानी भएका वील भरपाई संलग्न नभएको हुँदा माग गर्ने ।साथै जिल्ला वन कार्यालयवाट सो सम्वन्धि फाईल माग गर्ने ।

- स्तम्भ पार्कमा फिल्ड सम्याउने काम मन्दिरले गरेको र पार्क निर्माण कार्य ठेक्कावाट गरिएको र सामान सबै मन्दिरको आन्तरीक स्रोतवाट उपलब्ध गराईएको मन्ने विवरण मन्दिर व्यबस्थापन समितिले उपलब्ध गराएको कागजातवाट देखिन्छ ।तर उक्त पार्क निर्माण गर्ने सम्वन्धमा साधारण

सभाको निर्णय, ठेक्का लगाउदा अपनाईएको प्रकृया तथा भुक्तानी भएका वील/भरपाई लगायत खर्चको विवरण संलग्न नभएको ।

- पार्किङ स्थल, फिल्ड निर्माण तथा पर्खाल निर्माण लगायतका निर्माण कार्य पार्किङ शुल्कवाट उठेको रकमवाट स्टिमेट वनाई निर्माण कार्य गरेको भन्ने संलग्न कागजातवाट देखिन्छ तर पार्किङ स्थल फिल्ड निर्माण गर्ने कार्य तथा शुल्क उठाउने तथा खर्च गर्ने भन्ने सम्वन्धमा साधारण सभावाट भएको निर्णयका साथै शुल्क तोकेको निर्णय र उठेको शुल्कको विवरण राखेको ब्यहोरा संलग्न भएको पाईएन ।

२.१.२.३ तलाउ निर्माण र भ्यूटावर निर्माणमा अनियमितता

यस सम्वन्धि कागजात मन्दिर व्यबस्थापन समितिले छानविन समितिलाई उपलब्ध गराउन नसकेकोले नियमानुसार कार्य भयो भन्न सक्ने अवस्था देखिएन ।

२.१.२.४ संस्कृत पढाईको लागि करोडौमा निर्माणधिन भवन वनाउन विना प्रतिष्पर्धा ठेक्का लगाउन लागेको ।

घोराही उपमहानगरपालिकाको मिति २०७७/२/३२ मा उक्त उप-महानगरपालिकाको आ.व. ०७६/७७ केन्द्रिय वजेट उपशिर्षक नं. ३२५०११०६ संस्कृति पर्यटन तथा नागरीक उड्यन मन्त्रालय पूर्वाधार विकास योजना पूजीगत खर्च शिर्षक ३११५९ पाण्डबेश्वरी मन्दिर संरक्षण तथा पर्यटकिय पूर्वाधार निर्माण घोराही ५ योजनाको लागि रु.२५,००,०००। विनियोजन भएकोमा योजनाको लागि लागत सहभागिता सहित ल.ई. रु.२६,३१,५७८ र कन्टिन्जेन्सी र.७५,०००।समाबेश हुन आएकोले सो जम्मा लागत अनुमान रकम रु. २६,३१,५७८।९४ मध्ये कन्टिन्जेन्सी रकम कट्टा गरी रु.२५,५६,५७८।९४ मा नवढ्नेगरी भए/गरेका कामको मूल्यांकनको आधारमा भुक्तानी गर्ने गरी संझौता गर्ने भनि निर्णय भएको देखिन्छ।सोही अनुसार उपभोक्ता समितिवाट उक्त कार्य गर्ने भनि निर्णय भएको संलग्न कागजातवाट देखिन्छ ।

उल्लेखित संझौता वमोजिमको कार्य सम्पन्न भएको भनि घोराही उपमहानगरपालिकाको मिति २०७७/३/२५ को कार्यसम्पन्न प्रतिबेदनवाट देखिन्छ ।

त्यसैगरी घोराही उपमहानगरपालिकाको मिति २०७७/३/२५ को टिप्पणीमा उक्त आयोजनाको काम सम्पन्न भएकोले उपभोक्ता समितिलाई उल्लेखित रकमको चेक हस्तान्तरण गर्ने निर्णय निर्णय भएको देखिन्छ ।सो वाहेक अन्य कागजात मन्दिर ब्यबस्थापन समितिमा रहेको पाईएन ।

यसरी हेर्दा रु.२५,००,०००। को गुरुकुल भवन निर्माण भई २५ दिनको अवधिमा रकम भुक्तानी हुनु शंकास्पद देखिएकोले यस सम्वन्धमा थप छानबिन तथा कारवाहीको लागि श्री जिल्ला प्रशासन कार्यालय दाङमा लेखि पठाउन मनासिव हुने देखिन्छ ।

२.१.२.५ सुनकोटमा निर्माणधिन खडग देवीको मन्दिर र उक्त स्थानमा पुग्न ४९६३ वटा खुडकिला निर्माणमा समेत नक्कली वील/भरपाईवाट आर्थिक चलखेलको आधारमा रकम भुक्तानी ।

यस सम्वन्धि निर्णय तथा खर्च भएका वील/भरपाईका कागजात मन्दिर व्यबस्थापन समितिले उपलब्ध गराउन नसकेकोले नियमानुसार कार्य भयो भन्न सक्ने अवस्था देखिएन ।

२.१.२.६ बिश्वकै अग्लो त्रिशुल निर्माण तथा पार्क वनाउन ८८ लाख रकम दातावाट संकलन भएको तर अध्ययक्ष लगायतले मन्दिरको कोषवाट भुक्तानी गरेको भनि रकम लिएको ।

- त्यसैगरी मन्दिर व्यवस्थापन समितिको मिति २०७१/४/१७ मा वसेको बैठकले मन्दिरमा त्रिशुल प्रतिस्थापन गर्नको लागि आबस्यक पर्ने आर्थिक सहयोग गर्नुहुने दाताहरुको सम्मान र अभिलेख राख्ने निर्णय गरेको देखिन्छ ।

- उक्त त्रिशुल निर्माण तथा प्रतिस्थापनकालागि ३४७ जना दाताहरुवाट रु.६८,५३,३७५। रकम जम्मा भएको मन्दिर व्यबस्थापन समितिले छानविन समितिलाई उपलब्ध गराएको काजताजवाट देखिन्छ तर उक्त रकम के काममा खर्च भयो भन्ने वील/भरपाई मन्दिर व्यबस्थापन समितिले उपलब्ध गराउन नसकेकोले यस सम्वन्धमा आबस्यक कारवाहीको लागि श्री जिल्ला प्रशासन कार्यालय दाङलाई लेखी पठाउन मनसिव देखिन्छ ।

- मन्दिर व्यबस्थापन समितिको मिति २०७२ माघ २२ मा बसेको बैठकले पाण्डबेश्वर महादेव मन्दिरलाई आ.व. ०७२/७३ अन्तर्गत पर्यटन मन्त्रालय पर्यटन विकाश समितिको कार्यालय, भैरहवावाट मन्दिर क्षेत्र विकास कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार निर्माण शिर्षकमा रु ३० लाख र मन्दिर परिषर भौतिक पूर्वाधारमा ५ लाख गरी जम्मा ३५ लाख को योजना तपसिल वमोजिमको भौतिक निर्माण कार्यमा खर्च गरी योजना सम्पन्न गर्ने भनि निर्णय गरेको देखिन्छ ।

**त्रिशुल प्रतिस्थापन स्थल भौतिक निर्माण**

१। त्रिशुल भित्रि भागमा स्टील रेलिङ
२। त्रिशुल वीच गोलाकारमा स्टील रेलिङ
३। त्रिशुल पानीपोखरी वाहिरी भागमा गोलाकारमा फलामे रेलिङ
४। त्रिशुल वरीपरी माटो कटान
५। त्रिशुल पोखरी वालको ६” देखि वाहिर ८” मा गौलाकार सिमेन्ट व्लक
६। त्रिशुल देखि दक्षिण तर्फ ३५ मिटर नाला निर्माण
७। त्रिशुल देखि पश्चिम तर्फ स्टोनवाल निर्माण
८। त्रिशुल अवलोकन मार्ग सिढी निर्माण

**शिवलिङ्ग प्रतिस्थापन स्थल भौतिक निर्माण**

१। शिबलिङ्ग वरीपरी फलाम रेलिङ निर्माण

२। शिवलिङ्ग प्रवेश सिढी ३ लाईन फलाम रेलिङ
३। शिवलिङ्ग प्रवेश-१, निकाश-१, भित्रीभाग-१ स्टील गेट निर्माण

**मन्दिर परीषर भौतिक निर्माण**

१। मुलगेट प्रबेश मार्ग सिढी निर्माण

**मन्दिर परीषर भौतिक निर्माण**

१। मूल मन्दिर पूर्वतर्फ सिमेन्ट व्लक
२। मूल मन्दिर पश्चिमतर्फ ड्राईवाल निर्माण

उल्लेखित कार्यका लागि मन्दिर व्यबस्थापन समितिको मिति २०७२ फागुन २५ को बैठकले विभिन्न समिति गठन गरेको देखिन्छ ।

मिति २०७३ बैशाख ३१ र २०७३ जेठ २८ मा बसेको बैठकले योजना सम्पन्न भएको भनि विवरण सहितको सार्वजनिक सुनुवाई गरेको देखिन्छ तर उक्त रकम फर्छौंटका लागि पेश भएका वील/भरपाई रहेको पाईएन ।

२.१.२.७ मन्दिर नजिकै नेपाल सरकारको ८ करोडको लगानीमा निर्माण भैरहेको शिव सरोवर वनाउँदा रकम हिनामिना भएको ।

डिभिजनल वन कार्यालय घोराही दाङवाट धारापानी धार्मिक क्षेत्रमा पार्क सहित भौतिक निर्माण (पार्क, ड्याम, सडक, नाला आदि) को लागि मिति २०७५/१२/१ गतेको नयाँ युगवोध राष्ट्रिय दैनिकमा ई-विडिङ वोलपत्रको सूचना निकालेको देखिन्छ । उक्त सूचना अनुसार पर्न आएका वोलपत्र मध्ये सबैभन्दा कम रकम रु.८८,२२,७३८। कवोल गर्ने लक्ष्मीपूजा निर्माण सेवाको बोलपत्र स्विकृत भई उक्त निर्माण सेवाले कार्य सम्पन्न गरेको देखिन्छ । यसरी डिभिजन वन कार्यालयवाट टेण्डर मार्फत भएको काममा मन्दिर व्यबस्थापन समितिले रकम हिनामिना गरेको भन्ने विषयमा सत्यता देखिएन ।

२.१.२.८ मन्दिर व्यबस्थापनका पदाधिकारिले बिभिन्न ठाउँमा भ्रमण गर्दा नियम विपरीत मन्दिरको रकमवाट गरेको ।

मन्दिर ब्यवस्थापन समितिका पदाधिकारी लगायत अवलोकन भ्रमणमा जाँदा मन्दिरको तर्फवाट सवारीसाधनमा तेल हालेको र अन्य खर्च प्रति ब्यक्ति रु१०,०००। उठाई मन्दिरको हितको लागि भ्रमण गरेको जानकारी ब्यबस्पन समितिका पदाधिकारीले छानविन समितिलाई गराएको तर उक्त भ्रमणमा जाने तथा ईन्धन वापतको रकम मन्दिरको कोषवाट खर्च गर्ने भन्ने कुनै निर्णय र खर्चको विवरण राखेको पाईएन ।

२.१.२.९ मन्दिरको निषेधित परिसर भित्र स्थानीय गजिन्द्र चौधरीलाई माछा/मासु मदिरा कमिशन लिएर बेचविखन गर्न दिएको र पाहुनाहरुलाई उक्त होटलमा निशुलक खुवाउने गरेको ।

स्थानीय गजिन्द्र चौधरीले पहिले मन्दिरको वन क्षेत्रमा होटेल संचालन गरेर मदिरा तथा माछामासु बेच्ने गरेको भन्ने स्थानीयले जानकारी दिए हाल निजले पहिलेको स्थान नजिकै रहेको बस्तीमा होटेल संचालन गरेको स्थलगत हेर्दा देखिएको । उक्त स्थान मन्दिर क्षेत्रसंग जोडिएको देखिन्छ ।कमिसन लिएर पाहुनाहरुलाई निशुल्क खुवाउने भन्ने एकिन गर्न सकिएन ।

२.१.२.१० मन्दिर परिसर भित्र पुजा सामाग्री तथा नास्ता सपल संचालन गर्न १०/१२ वटा सटर निर्माण गरेकोमा व्यापारीवाट १ लाख एकमुष्ट लिएको तर उक्त रकम आम्दानी नदेखाई ब्यक्तिगत रुपमा खर्च गरेको ।

मन्दिर परिसरमा पसलका लागि वनेका १४ वटा टहरा निर्माण गर्दा टहराको लागत उठाई प्रति ब्यक्ति रु.१,५१,०००। उठाई टहरा निर्माण गरेको र प्रति महिना फल/प्रशादको सटर प्रतिकोठा रु.४ ,०००। र होटेलको लागि प्रति सटर रु. ८, ०००। भाडामा कट्टी हुनेगरी दिईएको भन्ने मन्दिर व्यबस्थापन समितिका पदाधिकारीको जवाफ रहेको पाईयो । तर सटर वनाउने भाडामा दिन तथा रकम उठाउने भन्ने साधारण सभाको तथा ब्यबस्थापन समितिको निर्णय भएको पाईएन साथै उक्त कार्यकोलागि उठाईएको सकमको समेत हिसावकिताव राखेको पाईएन ।

२.१.२.११ डिभिजन वन कार्यालय दाङवाट ७० हेक्टर धार्मिक वनको रुपमा प्राप्त वन क्षेत्र अबैध रुपमा फडानी गरी काठ हिनामिना गरेको ।

मन्दिरलाई प्राप्त धार्मिक वन क्षेत्रको स्थलगत अवलोकन गर्दा कुनै वन क्षेत्र अवैध रुपमा फडानी गरेको पाईएन ।

२.१.२.१२ ववई नदिमा निर्माण भएको पानीको कुवा निर्माण तथा डिप वोरीङ गर्दा नियम विपरीत ठेक्का लगाई हिनामिना गरेको ।

- खानेपानी तथा सरसफाइ डिभिजन कार्याल दाङवाट घोराही उपमहानगरपालिका वडा नं. ५ मा संचालिल धर्ना ३,४,७ खानेपानी सरसफाई उपभोक्ता समिति स्किम नं. १ अन्तर्गत विनियोजित कुल रकम रु.४६,४५,०२४/२४ का लागि खानेपी तथा सरसफाई डिभिजन कार्यालय दाङ र उपभवक्ता समिति वीच उक्त कार्यका लागि मिति २०७६/१०/६ मा मिति २०७७/८/३० मा सम्पन्न गर्नेगरी संझौता भएको देखिन्छ ।
- उक्त खानेपानी आयोजनाका लागि उपभोक्ता समितिलाई रु.१७,७६,२९२। भुक्तानी दिईएको देखिन्छ भने अनुगमनको क्रममा हेर्दा निर्माण कार्य सुचारु रहेको पाईयो ।

२.१.२.१३ पिक्निक स्पट निर्माण, धारा निर्माण, ट्रस निर्माणमा समेत रकम हिनामिना भएको ।

यस सम्वन्धमा मन्दिर व्यबस्थापन समितिको निर्णय तथा खर्च/भुक्तानी सम्वन्धि कागजातहरु छानविन समितिलाई मन्दिर व्यबस्थापन समितिले उपलब्ध गराउन नसकेकोले नियमानुसार काम भयो भन्न सक्ने अवस्था देखिएन ।

२.१.२.१४ मन्दिरको सचिवको डोजरलाई मन्दिरको काम नभएपनि रकम भुक्तानी भएको ।

डोजरको अनाधिकृत प्रयोग तथा कामै नभएको बेलामा समेत भुक्तानी भएको प्राप्त कागजात हेर्दा देखिएन ।

श्री पाण्डबेश्वर महादेव मन्दिरको विधान २०६४ को दफा ११ मा साधारण सभा तथा बैठक सम्वन्धि ब्यबस्था गरेको पाईन्छ । उपदफा २ मा संस्थाको प्रथम साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले २ महिना भित्र र त्यसपछिको वार्षिक साधारण सभाहरु वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिने उल्लेख भएको पाईन्छ ।

त्यसैगरी दफा ५ मा साधारण सभाको काम कर्तब्य र अधिकारको ब्यबस्था गरेको पाईन्छ जस अनुसार (ग) मा संस्थाको वार्षिक आय ब्यय सम्वन्धि विवरण जाँचबुझ गरी प्रमाणित गर्ने, (ट) मा नीति तथा कार्यक्रम पारित गर्ने उल्लेख गरेको पाईन्छ तर साधारण सभावाट पारित नगराई ब्यबस्थापन समितिले आफूखुसी निर्णय गर्ने वा निर्णयनै नगरी कार्य गर्ने कुरा विधान सम्वत देखिएन ।

यसरी हेर्दा पाण्डवेश्वर महादेव मन्दिर व्यबस्थापन समितिले नियमानुसार कार्य गर्न नसकेको, मन्दिरसंग सम्वन्धित कागजातहरु ब्यबस्थित राख्न नसकेको, विधान अनुसार साधारण सभाले निर्दिष्ट गरेका कार्यहरु गर्नपर्नेमा सो नगरी मनलाग्दी ढंगले कार्य गरेको, आम्दानी/खर्चको हिसावकिताव नराखेको/पारदर्शी नराखेको साथै विकाश निर्माण तथा अन्य कार्य गर्दा प्रचलित कानुन अनुसार वीलभरपाईका आधारमा भुक्तानी/फछ्र्यौट गर्नु पर्नेमा सो गरेको नपाईएकोले यसमा संलग्न पदाधिकारीलाई कानून बमोजिम कारवाही गर्न र उजुरीमा उल्लेखित विषय तथा केन्द्रवाट भएको छानविन प्रतिबेदन समेत आवस्ययक छानविन तथा कारवाही गर्न श्री जिल्ला प्रशासन कार्यालय दाङमा लेखि पठाउन मनासिव हुने देखिन्छ ।

# परिच्छेद — ३

## <u>सुझावहरु</u>

१ घोराही उपमहानगरपालिकामा अनावस्यक कर्मचारी करारमा नियुक्ति गरेको, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II-TSNGP) नामक कार्यक्रमको म्याद समाप्त भैसकेपछी उक्त कार्यक्रम समाप्त भएपछी कार्यक्मका लागि नियुक्त कर्मचारीहरु स्वतः पदमुक्त हुनुपर्नेमा नगरपालिकाले करारमा नियुक्त गरेको देखिएकोले उक्त कार्यक्रमका लागि नियुक्त कर्मचारीको म्याद थप नगर्न उक्त नगरपालिकालाई निर्देशन दिने ।

२ अप्राविधिक करारमा नियुक्त भै कार्यरत कर्मचारीहरुको अनावस्ययक रुपमा म्याद थप गरी नगरपालिकाको कोषवाट हुने ब्ययभार कम गर्न करारका कर्मचारीको उचित ब्यबस्थापन गर्न उक्त उपमहानगरपालिकालाई निर्देशन दिने।

३ स्वास्थ्य मनत्रालयवाट उक्त उपमहानगरपालिकामा पदस्थापन भएका कर्मचारीहरु दरवन्दी भन्दा वढी रहेकोमा स्वास्थ्य सेवाको लागि करारमा नियुक्त कर्मचारीको आबस्ययकता नभएकोले स्वास्थ्य सेवामा करारमा नियुक्त कर्मचारीहरुको म्याद थप नगर्न उक्त उपमहानगरपालिकालाई निर्देशन दिने ।

४ घोराही उपमहानगरपालिकामा करारमा कर्मचारी ब्यबस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७५ स्थानिय सरकार संचालन ऐन २०७४ ले ब्यबस्था गरेको प्रावधान विपरीत रहेकोले उक्त कार्यविधि अनुसार नियुक्त १४ जना ईन्जिनियर र १२ जना सव-ईन्जिनियरको नियुक्ति कानुन सम्वत नदेखिएकोले कानुन विपरीत नियुक्त कर्मचारीको उचित ब्यबस्थापन गर्न र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को प्रवाधानको पूर्णतया पालना गरेर मात्र कर्मचारी नियुक्त गर्ने ब्यवस्था मिलाउन उक्त उपमहानगरपालिकालाई निर्देशन दिने ।

५ पाण्डबेश्वर मन्दिर ब्यवस्थापन समितिले विधानमा उल्लेखित प्रावधानको पालना नगरेको, मन्दिरको हिसावकिताव पारदर्शी नराखेको, मन्दिरको आन्तरीक श्रोतको रकम खर्च गर्दा विधि/प्रकृया पुरा नगरेको, खर्चको भुक्तानी वील/भरपाईको आधारमा गरी आर्थिक शुसासन कायम गर्नुपर्नेमा सो गरेको नपाईएकोले यस सम्वन्धमा आवस्ययक कारवाही गर्न छानविन प्रतिबेदन सहितका कागजात श्री जिल्ला प्रशासन कार्यालय दाङमा पठाउन मनासिव हुने ।

**राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२८ को निर्णयः**

घोराही उप -म.न.पा.का प्रमुख प्रशासकीय अधिकृत ऋषिराम के.सी. लगायतको मिलेमतोमा करारमा कर्मचारी भर्ना गर्दा नियम विपरीत रकम लिई अनियमितता गरेको, घोराही उप-म.न.पा.-५ मा अवस्थित पाण्डवेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका पदाधिकारीको मिलेमतोमा रकम हिनामिना भएको भन्ने व्यहोराको उजुरीहरूका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा आन्तरिक आयलाई समेत ध्यानमा राखी प्रचलित कानूनमा भएको प्रावधान विपरीत नहुने गरी कानूनी प्रक्रिया पुर्‍याएर मात्र रिक्त दरबन्दीमा निश्चित समय अवधि तोकी करार सम्झौता बमोजिमका कर्मचारी मार्फत् सेवा लिन उक्त नगरपालिकालाई निर्देशन दिई फाइल तामेलीमा राखी लगत कट्टा गर्ने । त्यसैगरी पाण्डवेश्वर महादेव मन्दिर व्यवस्थापन समितिले विधानमा उल्लेखित प्रावधानको पालना नगरेको, मन्दिरको हिसाब किताब पारदर्शी नराखेको, मन्दिरको आन्तरिक स्रोतको रकम खर्च गर्दा विधि प्रक्रिया पूरा नगरेको, खर्चको भुक्तानी बिल भर्पाइको आधारमा गरी आर्थिक सुशासन कायम गर्नुपर्नेमा सो गरेको नपाइएकोले यस सम्बन्धमा आवश्यक कारवाही गर्न छानबिन प्रतिवेदन सहितका कागजात श्री जिल्ला प्रशासन कार्यालय, दाङ पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।